# प्लाष्टिकको भाँडा उत्पादन गर्ने उद्योग

## परिचय

भाँडाकुडां दैनिक जीवनको लागि नितान्त आवश्यक सामग्रीहरु हुन् । हाल प्रयोगमा आएका धातुहरु जस्तै पितलका भांडाकुंडाहरु निकै खर्चिलो हुने भएकोले यस्तो खर्चिलो सामानहरुको सट्टा साधारण मध्यम वर्गको मानिसहरुले आलुमोनियमको भांडाहरु तथा प्लाष्टिकका सामानहरु प्रयोगमा ल्याउन थालेका छन् । यी सामग्रीहरु अन्य धातुहरुबाट तयार पारिएका सामानहरु भन्दा हलुङ.गो र किफायती हुन्छन् । आजकल प्रत्येक घरमा कुनै न कुनै प्लाष्टिकबाट निर्मित सामानहरु प्रयोग भएको पाइन्छ । तसर्थ घरायसी कार्यको दैनिक व्यवहारमा आवश्यक हुने प्लाष्टिक कन्टेनर तथा जारक्यान, जुन तरल पदार्थहरु राख्न प्रयोग गरिन्छ सो उत्पादन गर्ने आधारमा प्रस्तुत स्कीम तर्जुमा गरिएको छ ।

विभिन्न प्रकारका प्लाष्टिकका भाँडा उत्पादन गर्न आवश्यक पर्ने यन्त्र तथा उपकरणहरु, विद्युत शक्ति इन्धन, वार्षिक उत्पादन क्षमता, आदिका बारेमा उद्योग खोल्नु पूर्व जानकारी दिन खोजिएको छ । उद्योगीहरुले उत्पादनको प्रकृति हेरी यन्त्र वा उपकरण छान्न, तीनका इफिसियन्सी, उर्जा उपभोग र आर्थिक भारका बारेमा अग्रीम जानकारी समेत प्राप्त गर्न सक्छन् । आफूलाई आवश्यक पर्ने जनशक्ति, बैक बाट लिनु पर्ने ऋण तथा ब्याजका बारेमा, इन्सुरेन्स प्रिमियमका बारेमा सचेत रहन्छन ।

उद्योगलाई आवश्यक पर्ने वार्षिक स्थीर खर्च, चल खर्च तथा भैपरिआउने खर्च, वार्षिक आम्दानी नाफा नोक्सानीको आकलन समेत प्रस्तुत स्कीममा खुलाइ सम्पूर्ण उद्यमीहरुलाई सजिलो बनाइएको छ ।

अफै वातावरणीय प्रतिकूल प्रभावका बारेमा जडान गर्नु पर्ने संयन्त्र तथा उद्योगी स्वयं वातावरण प्रति चनाखो र सक्रिय हुन अपनाउनु पर्ने तथ्य समेत यस स्कीममा उल्लेख गरिएको छ । यस स्कीमले उत्पादन प्रकृया, वातावरणीय पक्ष तथा रोकथामका उपायहरु, कामदारको स्वास्थ तथा सुरक्षा, तालीम र अग्नी तथा विद्युतीय आकस्मिक घटनाका बारेमा समेत समेटेको छ ।

**प्लाष्टिकको भाँडा उत्पादन प्रकृयाः**

**खरिद**

सर्वप्रथम यस उद्योगका कच्चा पदार्थ एच.डी.पी.ई. ग्रानुल्स स्थानीय बजारबाट खरिद गरिन्छ ।

**ब्लो मेल्डीङ**

सफा र सुकेको एच.डी.पी.ई. ग्रानुल्स ( ब्लोमाउल्डिगं रेन्ज ) मेशीनको माथिल्लो भाग स्थित हपरमा क्षमता अनुसार भरिन्छ ।

**तताउने**

सो ग्रानुल्स विस्तार विस्तार मेशीनको यान्त्रिक प्रणालीव्दारा निश्चित दरमा तताउने भागमा पठाइन्छ जहां तातो स्क्रुद्धारा ग्रानुल्स नरम पारिन्छ । अनि पग्लेको र तातो तरल पदार्थ उच्च चापमा नोजलको सानो प्वालबाट मेशीनसंगै जोडिएको डाइमा पठाइन्छ ।

**साइजमा ल्याउने**

कम्प्रेशरबाट सानो स्वर पाइपद्धारा चाहिंदो मात्रामा हावा मुख्य मेशीनको अघिल्लो भागस्थित जोडिएको डाइ (माउल्ड) मा  पठाइन्छ र प्लाष्टिकको भाडा तयार गरिन्छ ।

**चिसो बनाउने**

यसरी तयार भएको भाँडालाइ आवश्यक चिसो ठाँउमा राखी भण्डार गरिन्छ ।

**प्लाष्टिकको भाँडा उत्पादन प्रकृया प्रवाह**




# वातावरणीय पक्ष

## प्रदुषणको किसिम

प्रस्तुत उद्योगबाट खास गरी निम्नानुसारको खेर पदार्थको निस्काशन वा प्रदुषणबाट वातावरणमा असर पार्न सक्ने देखिन्छ।

| सि.नं. | प्रदुषणको किसिम | निश्कासन हुने बस्तुहरु |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | प्लाष्टिकका टुक्राहरु र धुलो ठोस खेरको रुपमा निस्कन्छ |
| २ | तरल खेर पदार्थ | तरल खेर पदार्थ निस्कदैन |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा केही ध्वनी निश्कन्छ। |
| ४ | वायु प्रदुषण | केही गन्ध आउन सक्छ। |

## रोकथामका उपायहरु

| सि.नं. | प्रदुषणको किसिम | रोकथामका उपायहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | ठोस खेर पदार्थ | प्लाष्टिकका टुक्राहरु र धुलो स्क्राप विक्री गर्न सकिन्छ |
| २ | तरल खेर पदार्थ | |
| ३ | ध्वनी प्रदुषण | उत्पादनको क्रममा निश्कने आवाजबाट वातावरणमा पर्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न निम्नानुसारको ब्यवस्था गर्नुपर्ने हुन्छ ।<br>➢ मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गरी कम्पन कम गर्नु पर्छ ।<br>➢ मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाइ आवाज कम गर्नु पर्छ ।<br>➢ कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गर्नु पर्छ ।<br>➢ ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई सेड भित्रमात्र संचालन गर्नु पर्छ । |
| ४ | वायु प्रदुषण | एडजस्ट पंखाको पर्याप्त ब्यवस्था गर्नुपर्छ |

## सरसफाई

उद्योगबाट निस्कने खेर जाने ठोस पर्दाथ प्लाष्टिकका टुक्राहरु र धुलो स्क्राप हुन । प्लाष्टिकका टुक्राहरु र धुलो स्क्रापलाइृ स्क्राप भेन्डरलाई विक्री गर्नु पर्छ कारखाना मेशिनहरु सरसफाई गरी बेला बेलामा मर्मत सम्भार गर्नु पर्छ । साथै निम्न आचार संहिता अपनाउनु पर्दछ ।

- Good House Keeping  Practice अपनाउनु पर्छ ।
- सकेसम्म आल्युमिनियमका टुक्राहरुलाई भईमा छरिनबाट रोक्नु पर्छ ।

### कामदारहरुको स्वास्थ्य र सुरक्षा

कामदारहरुको स्वाास्थ्य सुरक्षाको लागी प्राथमिक उपचारको व्यवस्था गर्नु पर्छ । मास्क, पन्जा जस्ता स्वास्थ्य सुरक्षाका साधनहरु उपलब्ध गराउनु पर्ने हुन्छ । कामदारहरुको स्वास्थ्य उपचारको लागि समय समयमा स्वास्थ्य परिक्षणको ब्यबस्था गर्नु पर्छ ।

### ध्वनी प्रदुषण:

मेशिन जडान गर्दा फाउण्डेशन मजबुत गर्नु पर्छ । जसले गर्दा मेशिन सचालन गर्दा कम्पन्न कम हुन्छ । मेसिनमा ग्रीज लुब्रिकेन्टहरु लगाई कम आवाज निस्कने बनाउन सकिन्छ । कामदारहरुलाई एअर प्लग र अन्य सुरक्षात्मक उपकरणहरु को  ब्यबस्था गर्न पर्ने हुन्छ । ध्वनी प्रदुषणका कारक मेशिनहरुलाई छुट्टै कोठा भित्रमात्र संचालन गर्नु पर्छ ।

### ट्रेनिङ्ग:

कामदारहरुलाई आवश्यकता अनुसारको कामको तालिमको व्यवस्था गर्नु पर्छ।

**अग्नी तथा विधुतिय आकस्मिक घटनाः**

अग्नी नियन्त्रण गर्न अग्नि निवारक सिलिण्डर कारखानामा राख्न प्राथमिकता दिनु पर्छ। विद्युतिय तार जडानमा विषेश होसियारी अपनाउनु पर्छ।